# दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।२२)

आम्दा नेपाल, केन्द्रिय कार्यालयको प्रयोजनका लागि आवश्यक कार्यालय उपकरणहरू खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरूबाट यो सुचना (सुचना नं. 008083/101/2078/79) प्रकाशन भएको मितिले सात दिन भित्र तोकिएको शर्तको अधिनमा रही बिधुतिय माध्यमबाट दरभाउ प्रशताव पेश गर्नुहुन आह्वान गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत जानकारीका लागि आम्दा नेपालको वेव साइट (amda.org.np) वा निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शर्तहरुः**

१. इच्छुक आपूर्तिकर्ताहरूले यसै सुचनाको साथमा उपलब्ध रहेको दरभाउपत्र खामवन्दी रूपमा वा आम्दा नेपालको वेभसाइड http://ebidding.amda.org.np मार्फत Vendor Login गरी दरभाउ पेश गर्न सक्नु हुने छ ।

२. दरभाऊ पत्र/प्रस्ताव सूचना प्रकाशित भएको मितिले सात दिन अर्थात मिति २०७८।०८।२८ गते दिऊसो ४:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ । विद्धुतिय माध्यम प्रयोग गर्दा कुनै कठिनाइ भएमा कार्यालय समय भित्र (कार्यालय खुलेको दिन, विहान १० वजे देखि ४ वजे भित्र) सम्पर्क राख्न सक्नुहुनेछ ।

३. आपूर्तिकर्ताले पेश गरेको दरभाउ प्रस्ताव, दरभाउ पेश गर्ने अन्तिम मितिबाट कम्तिमा एक महिना सम्मका लागि मान्य हुनु पर्नेछ ।

४. आपूर्तिकर्ताले दरभाउ प्रस्ताव गर्दा नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने भ्याट बाहेकको नेपाली मुद्रामा भर्नु पर्नेछ । भ्याट नलाग्ने कुनै सरसामानमा भ्याट जोडिन पुगेको भए उक्त त्रुटि सुधारिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरु दररेटमा समाबेश भएको मानिनेछ ।

५. आपूर्तिकर्ताले विद्धुतिय माध्यमबाट दरभाउ भर्न नसकि खामवन्दी दरभाउ प्रस्ताव बुझाएको भए, यसै शर्तनामाको अन्तिममा र दरभाउपत्रमा सही छाप गरेको हुनु पर्नेछ । दरभाउ पत्रमा केरमेट भएको ठाउँमा समेत आपुर्तिकर्ताले सही छाप गरेको हुनु पर्ने छ ।

६. आपूर्तिकर्ताले खामवन्दी दरभाउ प्रस्ताव गर्दा, अद्यावधिक गरिएको कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्न छुट्टै स्विकृति लिनुपर्नेमा स्विकृति/नविकरण खुलेको प्रमाणपत्रको प्रतिलिपि, अगिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्ने छ ।

७. आपूर्तिकर्ताले, अस्पताल उपकरणको हकमा आवश्यकता अनुसार ISO/CE/IEC/US-FDA, औषधिको हकमा WHO-GMP प्रमाणपत्र र अन्य सामाग्रिहरुको हकमा उत्पादक कम्पनीको आधिकारीक विक्रेताको प्रमाणपत्रको प्रतिलिपि वा दरभाऊ पेश गर्न दिएको स्विकृति पत्र प्रस्तावको साथमा संलग्न राख्न सक्नेछन् ।

८. रितपूर्वक प्राप्त नभएको दरभाउ प्रस्ताव स्वतः रद्द हुनेछ ।

९. आपूर्तिकर्ताले पेश गरेको दरभाउ प्रस्तावमा उल्लेखित सम्पूर्ण काम/सरसामान/सेवा मध्ये आंशिक वा पूर्ण प्रस्ताव मात्र समेत छनौट गर्न सक्ने छ ।

१०. छनौट भएको आपूर्तिकर्ताले, आम्दा नेपाल वा मातहतको कार्यालयले जारी गरेको खरिद आदेश वा कार्यादेश वमोजिम तोकिएको स्थानमा तोकिए वमोजिमका सम्पूर्ण सरसमान/सेवा तोकिएको समय भित्र पूर्णरुपमा बुझाउनु पर्ने छ ।

११. आम्दा नेपाल वा मातहतको कार्यालयले जारि गरेको खरिद आदेशमा तोकिएको मिति भित्र, आपूर्तिकर्ताले सम्पूर्ण सरसामान/सेवा आपूर्ति/उपलब्ध गर्नु/गराउनु पर्ने छ ।

१२. आयु तोकिएको बस्तु, सेवा वा सरसामानहरुको हकमा, सो बस्तु, सेवा वा सरसामानहरु बुझाउँदा वा प्रयोग गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१३. आपूर्तिकर्ताले आपूर्ति गर्ने उपकरण, बस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त वा मर्मत संभार गरिएको सरसामान आपूर्ति तथा प्रयोग स्विकार गरिने छैन । आम्दा नेपाल वा मातहतको कार्यालयले हस्तान्तरण लिनु अगावै कुनै प्रकारको क्षति हुन पुगेमा सो क्षतिको जिम्मेवारी छनौट भएको आपूर्तिकर्ताले लिनु पर्नेछ ।

१४. विद्युतिय उपकरण, मेडिकल उपकरण/औजार, कार्यालय उपकरण तथा फर्निचर, सवारी साधान एवं निर्माण सम्वन्धि कामको हकमा आम्दा नेपालले बुझिलिएको मितिबाट कम्तिमा एक वर्ष साटफेर सुविधा सहितको ग्यारेन्टी हुनुपर्नेछ ।

१५. नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१६. दरभाउ प्रस्ताव फारम तथा शर्तनामाहरू संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै सुचना प्रकाशन गरी आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

दरभाउपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**<u>सम्पर्क राख्ने ठेगाना</u>**

*आम्दा नेपाल*
*केन्द्रिय कार्यालय, गोकर्णेश्वर-६, काठमाडौं*
*टेलिफोनः ९७७-०१-४९१०२३५*
*ईमेलः amda@amda.org.np*

यस सूचनामा तोकिएका सम्पूर्ण शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं ।
संस्थापक वा आधिकारीक पदाधिकारीको नामः ................................
हस्ताक्षरः .........................................................
मितिः ............................

फर्मः फर्म/कम्पनीको छाप